# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.स. ०७७/७८

च.नं.

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मितिः२०७८।०१।२९

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

यस गाउँपालिकाको लागि देहायका पद र संख्यामा (स्थायी कर्मचारी पदस्थापन भएको अवस्थामा करार सेवा समाप्त हुने गरी) यस कार्यालयको २०७८।०१।२९ को निर्णय र गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि-२०७५ अनुसार यस गाउँपालिका अन्तर्गत रही कामकाज गर्ने गरी प्राविधिक कर्मचारी सेवा करारमा भर्ना गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक योग्यता | काम गर्नु पर्ने स्वास्थ्य संस्था | दस्तुर |
|---|---|---|---|---|---|---|
| १२-०७७/०७८ | हे.अ. | सहायक पाँचौ | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको । | हुँगा स्वास्थ्य चौकी | ५०० |

शर्तहरु

१. परीक्षाको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

२. उमेर : १८ वर्ष पुर भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ, तर महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

३. आवेदन बुझाउने स्थान : छत्रकोट गाउँपालिकाको कार्यालय, चोयगा गुल्मी ।

४. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः उम्मेदवारको व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र दरखास्त दस्तुर बुझएको नगदि रसिद, प्रतिलिपि पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणीत गरेको हुनुपर्ने ।

५. दरखास्त बुझाउने अन्तिम मितिः२०७८।०२।१२

६. सम्पर्क मितिः २०७८।०२।१३

७. अन्तर्वार्ताको मिति सम्पर्क मितिको दिन तोकिनेछ ।

८. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

९. तलव स्केल नेपाल सरकारको सहायक पाँचौ तहले पाउने प्रचलित तलब स्केल बमोजिम तोकिएको तलब स्केल ।

पुण्य प्रसाद पौडेल

नि.प्रमुख प्रशासकीय अधिकृत